ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# कक्षा छको नेपाली विषयका प्रश्नपत्र २०७८ को विश्लेषण

टीकाराम भण्डारी

tikarambhandari829@gmail.com

**सार**

*प्रस्तुत अध्ययन कक्षा छको नेपाली विषयका प्रश्नपत्र २०७८ को विश्लेषण शीर्षकमा तयार गरिएको छ । यस अध्ययनका उद्देश्य कक्षा छ को नेपाली विषयका प्रश्नपत्र (२०७८) को विशिष्टीकरण तालिका अनुरूप भए नभएको अध्ययन गर्नु र दुर्बल पत्ता लगाइ सुझाव दिनु रहेका छन् । यस अध्ययनमा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । सुर्खेत जिल्लाका कक्षा छ का नेपाली विषयका सम्पूर्ण प्रश्नपत्रहरू जनसङ्ख्या हुन भने चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका, बराहताल गाउँपालिका र वि.नगरपालिका का २०७८ का कक्षा छ को अनिवार्य नेपाली विषयका वार्षिक परीक्षाका प्रश्नपत्रहरू नमुनाका रूपमा रहेका छन् ।*

*प्रश्नपत्रको विशिष्टीकरण तालिका अनुसार विश्लेषण गर्दा प्रश्नपत्रमा गरिएको अङ्कभारमा केही मात्रामा समानता रहेको अधिकांश प्रश्नपत्रमा समानता नरहेको देखिन्छ । विधा र क्षेत्रका आधारमा प्रतिनिधि चार स्थानीय तह वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिकाले कम विषयवस्तु समेटेको पाइन्छ भने चौकुने गाउँपालिका र पञ्चपुरी नगरपालिका ले अधिकांश विषयवस्तुलाई समेटेर प्रश्नपत्र निर्माण गरिएको पाइन्छ । विशिष्टीकरण तालिका अनुसार लेखाइ सिप विकासका लागि व्याकरणात्मक, वाक्य रचना, विभिन्न विधाहरू, चिठी, शुभकामना कार्ड, निवेदन, निबन्ध जस्ता विधाहरू लेख्ने जस्ता प्रश्नहरू समावेश गरिएको पाइन्छ । पाठ्यक्रमका उद्देश्यमा सबै विधा अनुसार लेखाइ र पढाइ सिप विकास हुने गरी बोध सम्बन्धीका प्रश्नहरू कम निर्माण गरिएको पाइन्छ । समग्रमा हेर्दा चार स्थानीय तहको प्रश्नमा पाठ्यक्रमले तोके अनुसार पूर्णाङ्क चौकुने गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका ले समेटेको छ भने पञ्चपुरी नगरपालिका र बराहताल गाउँपालिकाले पूर्णाङ्क नसमेटेको देखिन्छ । स्थानीय तहका विद्यालयमा एकै प्रकारको प्रश्नपत्र निर्माण र परीक्षण गर्ने नीति अवलम्बन गरिनु पर्ने देखिन्छ । परीक्षणीय र क्षेत्र, आकार प्रकार अनुसार सरलदेखि जटिलताको क्रममा सामूहीकरण गरी प्रश्न निर्माण गरिनु पर्दछ र प्रश्नपत्रको छपाइको कागज गुणस्तर युक्त, सेतो, चिल्लो र सफा कागजको प्रयोग गरिनु पर्दछ ।*

**मुख्य शब्द** : वाक्य रचना, लेखाइ, उत्तरकुञ्जिका, आकार प्रकार, विधा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## परिचय

शैक्षिक कार्यक्रमहरूको विस्तृत योजना र शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने महत्त्वपूर्ण साधन पाठ्यक्रम हो । विभिन्न सिकाइ क्षमता हासिल गर्नका साथै गुणस्तरीय बनाउन पाठ्यक्रम र पाठ्यपुस्तक आवश्यकता पर्दछ । पाठ्यक्रमलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका हुन्छ । बदलिँदो अवस्थालाई बुझी सामाजिक, राजनीतिक, आर्थिक अवस्थालाई बदलिँदो विश्वसँग नजिक पुग्न सहयोग गर्ने र शिक्षालाई कतातिर मोड्ने भन्ने कार्यदिशाको मार्गदर्शक पाठ्यक्रम हो । त्यही भएर पाठ्यक्रम समय सापेक्ष परिवर्तन गर्न जरूरी देखिन्छ । भाषा सिकाइलाई सरल सहज र व्यवस्थित बनाउन स्तरीय मानक र आधुनिक सिप विकासमा पनि भाषा पाठ्यक्रमले सहयोग गर्दछ ।

पाठ्यक्रम कार्यन्वयनका लागि प्रभावकारी शिक्षण सिकाइका साथ साथै मूल्याङ्कन प्रणालीको विशेष भूमिका रहन्छ । मूल्याङ्कनविना पाठ्यक्रम पूर्ण कार्यान्वयन हुन् सक्दैन । पाठ्यक्रममा समावेश हुने राष्ट्रिय तथा तहगत उद्देश्य शिक्षाका विधि पद्धति प्रविधि तथा मूल्याङ्कनका विविध पक्षलाई निर्देशन गर्ने गरिन्छ । विद्यार्थीको सिकाइ उपलब्धि मापन गरी त्यसको गुणस्तर निर्धारण गर्नेकाम मूल्याङ्कनले गरेको हुन्छ । शैक्षिक उद्देश्यहरू कति प्राप्त भए भनेर लेखाजोखा गर्ने काम यसले गर्दछ । पाठ्यक्रमले अपेक्षा गरेको ज्ञान, सिप, अभिवृद्धि र व्यवहारमा आएको परिवर्तनको लेखाजोखा गरी त्यसको स्थान निर्धारण गर्ने काम गर्दछ ।

प्रश्नपत्र प्रश्नगत विश्वसनीयता, वैधता र विभेदकारिता जस्ता गुणले युक्त हुन आवश्यक हुन्छ । यो विद्यार्थीहरूको उमेर, भाषिक सिप सिकाइ र विकासका दृष्टिले ज्यादै महत्त्वपूर्ण मानिन्छ । अध्ययन अध्यापन पश्चात् कुन कुन भाषिक सिपहरू राम्ररी सिक्न सके वा कुन कुन सिपहरू सिक्न सकेनन् भन्ने कुरा थाहा पाउन भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) परीक्षण गर्नका लागि परीक्षणको साधन वा प्रश्नपत्र निर्माण गरी प्रयोग गर्नुपर्दछ । यसरी निर्माण गरिएका प्रश्नपत्र पाठ्यक्रमको समग्रतालाई समेट्न सक्ने, पाठ्यक्रमले तोकेका उद्देश्यलाई पूरा गर्न सक्ने, विशिष्टीकरण तालिका अनुरूप अङ्क विभाजन र समय निर्धारणबिच तालमेल मिलेको हुनुपर्दछ ।

पाठ्यक्रको अपेक्षालाई परिपूर्ति गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले प्रा.वि.देखि माध्यमिक विद्यालय तहसम्म विशिष्टीकरण तालिका निर्माण गर्दै आएको छ । २०६५ सालमा माध्यमिक तहको पाठ्यक्रम प्रकाशन पाठ्यक्रम विकास केन्द्रले गरेको छ । विद्यार्थीहरूको सिकाइ उपलब्धि जाँच गर्ने महत्त्वपूर्ण साधनको रूपमा परीक्षालाई लिइन्छ । परीक्षा लिँदा प्रश्नपत्रहरू हचुवाका भरमा तयार नगरी परीक्षा सञ्चालन गर्नु अगाडि प्रश्नपत्रहरू कस्ता कस्ता बनाउने कुन पाठ, कुन एकाइबाट कति र कुन

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रकारको प्रश्न सोध्ने कुन उद्देश्यले मूल्याङ्कन गर्ने कस्तो प्रश्नलाई कति समय निर्धारण गर्ने जस्ता कुराहरू समावेश गरी तयार पारिएको तालिका विशिष्टीकरण तालिका हो । विशिष्टीकरण तालिका यस्तो ऐना हो । जसमा परीक्षाका लागि सोधिनु पर्ने सम्पूर्ण विषय विधा तथा क्षेत्रबाट सोधिनु पर्ने प्रश्नका लागि अङ्कभार समय आदि कुराहरूलाई स्पष्ट विभाजन गरिएको हुन्छ (पौडेल र शर्मा, २०६०, पृ. ३२५) । विशिष्टीकरण तालिका प्रश्न निर्माण, उत्तरपुस्तिका परीक्षण जस्ता महत्त्वपूर्ण कार्य गर्ने निर्देशित साधन हो ।

विद्यालय शिक्षाको संरचना अनुसार १-८ लाई आधारभूत तह भनिन्छ । उक्त तह अन्तर्गत कक्षा पाँचभन्दा माथिल्लो कक्षा र कक्षा सात भन्दा तल्लो कक्षा नै कक्षा ६ हो । उक्त कक्षामा १० देखि १२/१३ वर्षसम्म उमेर समूहका बालबालिकाहरू हुने गर्दछन् । यो यौवन अवस्थाको सुरुवातको उमेर समूह हो । यस उमेर समूहका विद्यार्थीहरू जिज्ञासु स्वभावका हुन्छ । उक्त तहका विद्यार्थीहरूको रूचि, स्तर र क्षमता अनुसारका शैक्षिक गतिविधि र मूल्याङ्कनले उनीहरूको उत्प्रेरणामा थप बल पुग्ने गर्दछ । आफ्नो कार्यक्षमता प्रदर्शनमा बढी रूचि रहने भएकाले पनि यस उमेर समूहका विद्यार्थीहरूले शैक्षिक मूल्याङ्कनलाई बढी प्रभावकारी रूपमा जोड दिनुपर्दछ । यसै उमेर समूहलाई आधार मानी आधारभूत शिक्षा पाठ्यक्रम २०७७ मा क्षेत्र क्रमअनुसार नेपाली विषय कक्षा छमा कविता विधा अन्तर्गत देशभक्ति र नीतिपरक गरी ३ वटा रहेका छन् । कथा विधा अन्तर्गत पौराणिक, सामाजिक, बालमनोवैज्ञानिक गरी ४ वटा रहेका छन् भने निबन्ध विधा अन्तर्गत निजात्मक र प्रकृति वर्णन गरी ३ वटा रहेका छन् । चिठी विधा अन्तर्गत घरायसी चिठी र निवेदन २ वटा रहेका छन् भने रूपक विधा अन्तर्गत वादविवाद २ वटा, जीवनी विधा अन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी जम्मा २ वटा गरी जम्मा १६ वटा विधाहरू समावेश गरिएका छन् (आधारभूत शिक्षा पाठ्यक्रम, २०७७) । अतः आधारभूत तहको पाठ्यक्रम अनुसार तोकिएका विधाहरूका आधारमा नै प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

प्रस्तुत अध्ययन कक्षा छको नेपाली विषयको प्रश्नपत्र विश्लेषण २०७८ शीर्षकमा केन्द्रित रहेको छ । वर्तमान समयसम्म प्रश्नपत्र शीर्षकसँग सम्बन्धित विभिन्न खोज अनुसन्धान भएको पाइन्छ । जसमा सुर्खेत जिल्लाका स्थानीय तहका विद्यालयले विशिष्टीकरण तालिका अनुरूप कक्षा छको नेपाली विषयको प्रश्नपत्र २०७८ को विश्लेषण गरिएको पाइदैन । उक्त प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप भए नभएको, पाठ्यक्रमका उद्देश्य अनुरूप छनोट गरिएका विधा समेटेको छ वा छैन ? जस्ता विविध बाह्य र आन्तरिक पक्षको अनुसन्धान हालसम्म नगरिएकाले अनुसन्धानकर्ताले कक्षा छको नेपाली विषयका प्रश्नपत्र २०७८ को विश्लेषण शीर्षकमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनले आधारभूत तह कक्षा १-

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

८ का विभिन्न प्रश्नपत्र निर्माण गर्न र सुर्खेत जिल्लाका स्थानीय तहले सञ्चालन गरेका परीक्षाका लागि प्रश्पत्र निर्माणमा सहयोग गरेको छ ।

**उद्देश्य**

प्रस्तुत अध्ययनका उद्देश्यमा कक्षा छको नेपाली विषयका प्रश्नपत्र (२०७८) को विशिष्टीकरण तालिका अनुरूप भए नभएको अध्ययन गर्नु र कक्षा छको नेपाली विषयका प्रश्नपत्र (२०७८) का सबल र दुर्बल पत्ता लगाइ सुझाव दिनु रहेको छ ।

**सम्बन्धित साहित्यको पुनरावलोकन**

चन्द (२०७६) द्वारा कक्षा नौको नेपाली विषयका प्रश्नपत्रको विश्लेषण शीर्षकमा शोकार्य गरिएको छ । यस शोधका उद्देश्य माध्यमिक तह कक्षा नौ अनिवार्य नेपाली विषयका प्रश्नपत्र २०७५ सालमा तयार गरिएको वार्षिक परीक्षाका प्रश्नपत्र विशिष्टीकरण तालिका अनुरूप भए नभएको अध्ययन गर्नु, उक्त अनिवार्य नेपाली विषयको प्रश्नपत्रको बाह्य र आन्तरिक आधारमा विश्लेषण गर्नु र उक्त अनिवार्य नेपाली विषयका प्रश्नपत्रको त्रुटि पत्ता लगाई निष्कर्ष र सुझाव दिनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । यो अध्ययन गुणात्मक, परिमाणात्मक र मिश्रित ढाँचाको समेत प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन उद्देश्यमूलक नमुना छनोट विधिबाट नमुना छनोट गरिएको छ भने प्राथमिक स्रोतका रूपमा कक्षा नौको नेपाली विषयको प्रश्नपत्र २०७५ सालमा दैलेख, सुर्खेत, जाजरकोट र कालीकोट जिल्लाका सामुदायीक माध्यमिक विद्यालयमा उपयोग गरिएका प्रश्नपत्र रहेका छन । प्रतिनिधि चार जिल्लाका सामुदायिक माध्यमिक विद्यालयका प्रश्नपत्रमा विधागत प्रश्नका लागि एकमूष्ट समय निर्धारण गरेको छ भने विशिष्टीकरण तालिकामा भने प्रत्येक विधागत प्रश्नका लागि छुट्टा छुट्टै समय निर्धारण गरेको छ । प्रतिनिधि प्रश्नपत्रमा सबै विधालाई समेटेर पश्न निर्माण गरेको देखिँदैन भने सरलदेखि जटिलताको क्रममा भने प्रश्नपत्र निर्माण गरेको पाइन्छ ।

गौतम (२०७९) द्वारा स्नातकोत्तर तह तेस्रो सेमेस्टर नेपाली शिक्षा विषयको प्रश्नपत्र (२०७८) शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनका उद्देश्य नेपाली शिक्षा विषयका प्रश्नपत्रको बाह्य र आन्तरिक आधारमा विश्लेषण गर्नु, उक्त प्रश्नपत्र पाठ्यक्रमको उद्देश्य अनुरूप भए नभएको पत्ता लगाउनु, प्रश्नपत्रका सबल र दुर्बल पक्षहरू पत्ता लगाई सुझाव दिनु रहेका छन् । यस अध्ययनमा स्नातकोत्तर तह तेस्रो सेमेस्टर नेपाली शिक्षा विषयको प्रश्नपत्र (नेपा.शि. ५३१, नेपा.शि.५३२, नेपा.शि.५३३, नेपा.शि.५३४, नेपा.शि. ५३५, नेपा.शि. ५३६) का प्रश्नपत्रलाई नमुनाका रूपमा लिइ गुणात्मक ढाँचाको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । उक्त अध्ययनमा विषयवस्तुको सीमा र

प्रश्नको तालमेल मिल्नुका साथै विधा अनुसार प्रश्न सङ्ख्या र अङ्कभार मिलेको, उक्त प्रश्नहरू सरलदेखि जटिलताको क्रममा पाठ्यक्रमको उद्देश्य अनुसार निर्माण गरिएको, प्रश्नपत्रमा प्रस्तुति अनुक्रम, अक्षरको आकार, प्रश्न सङ्ख्या उपयुक्त रहेको र कागजको स्तर छपाइ, सफाइ र मसीको प्रयोग भने मध्यम स्तरको देखिएको उल्लेख गरिएको छ । प्रश्नपत्र निर्माणका लागि विशिष्टीकरण तालिकाको निर्माण नगरिएकाले प्रश्नपत्र निर्माणमा पाठ्यक्रमलाई नै आधार बनाइएको र मुख्य आधारका रूपमा पाठ्यक्रमको उद्देश्यलाई मानेको पाइन्छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा अनुसन्धान विधि तथा प्रक्रियाअन्तर्गत अध्ययनको ढाँचा जनसङ्ख्या तथा नमुना छनोट, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको व्याख्या विश्लेषण र अध्ययन प्रतिवेदनको ढाँचाको चर्चा निम्नानुसार गरिएको छ :

प्रस्तुत अध्ययनमा तार्किक विश्लेषण हुने भएकाले गुणात्मक ढाँचामा रहेको छ । यस अध्ययनलाई पूर्ण रूप दिनका लागि कर्णाली प्रदेशको सुर्खेत जिल्लाका स्थानीय तह अन्तर्गत चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिका र वि.नगरपालिका का २०७८ का कक्षा छको नेपाली विषयका वार्षिक परीक्षाका प्रश्नपत्रहरू सङ्कलन गरिएको छ । उक्त प्रश्नपत्रको विशिष्टीकरण तालिका अनुरूप बाह्य तथा आन्तरिक आधारमा शाब्दिक प्रकृतिका तथ्याङ्क लिएर अध्ययन गरिएकाले गुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

यस अध्ययनमा सुर्खेत जिल्लाका कक्षा छको नेपाली विषयका सम्पूर्ण प्रश्नपत्रहरू जनसङ्ख्याका रूपमा रहेका छन् । जसमध्ये चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिका र वि.नगरपालिका का २०७८ का कक्षा छको अनिवार्य नेपाली विषयका वार्षिक परीक्षाका प्रश्नपत्रहरू नमुनाका रूपमा रहेका छन् । उक्त स्थानीय तहबाट २०७८ सालमा प्रत्येक स्थानीय तहभित्रका एउटा १/१ विद्यालयमा सोधिएका प्रश्नपत्र रहने गरी जम्मा चार ओटा स्थानीय तहका ४ ओटा विद्यालयका चार प्रश्नपत्रहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट शाब्दिक प्रकृतिका तथ्याङ्कहरूको सङ्कलन गरिएको छ :

यस अध्ययनमा सुर्खेत जिल्ला अन्तर्गतका चारओटा स्थानीय तहका २०७८ सालका कक्षा छका नेपाली विषयका वार्षिक परीक्षाका प्रश्नपत्र प्राथमिक स्रोत अन्तर्गत रहेका छन् ।

अध्ययनको क्रममा समस्यासँग सम्बन्धित पूर्वशोधकार्य, पाठ्यपुस्तक, सन्दर्भपुस्तक, अप्रकाशित

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

कृति समीक्षा, लगायत अन्य अध्ययन शीर्षकसँग सम्बन्धित लेख रचनालाई द्वितीय स्रोत सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलनमा निम्न विधिको प्रयोग गरिएको छ :

यस अध्ययन विधि अन्तर्गत कक्षा छको नेपाली विषयका प्रश्नपत्र २०७८ को विश्लेषण सम्बन्धी आवश्यक पुस्तक, अध्ययन, लेख रचना, पत्रपत्रिका, प्रतिवेदन आदि सङ्कलन गरिएकाले पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत अध्ययनमा कक्षा छको नेपाली विषयको प्रश्नपत्र सङ्कलनका क्रममा सुर्खेत जिल्लाका चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिका र वि. नगरपालिका का २०७८ का कक्षा छको नेपाली विषयका वार्षिक परीक्षाका प्रश्नपत्रहरू सङ्कलन गरिएको छ । उक्त स्थानीय तहबाट २०७८ सालका प्रत्येक स्थानीय तहका १/१ प्रश्नपत्र रहने गरी जम्मा ४ ओटा स्थानीय तहका ४ ओटा विद्यालयका ४ प्रश्नपत्रहरूलाई सङ्कलन गरिएकाले क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

यस अध्ययनमा कक्षा छको अनिवार्य नेपाली विषयका २०७८ प्रश्नपत्रको मुख्यतः वर्णनात्मक तथ्याङ्कशास्त्रीय विधिबाट व्याख्या विश्लेषण गरिएको छ । अध्ययनका क्रममा पुस्तालयीय विधिका माध्यमबाट विशिष्टीकरण तालिकालाई आधारमानी भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारमा प्रश्नहरूको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा भाषिक प्रश्न विश्लेषणका बाह्य आधारअन्तर्गत निर्देशन, अङ्क विभाजन र समय, वर्णविन्यास, प्रश्नपत्रको स्वरूप, प्रस्तुति, छपाइ र कागज पक्षहरू केलाइएको छ भने आन्तरिक आधार अन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, भाषा प्रश्नमा हुने गुण, विविध पक्ष आदिलाई तालिकीकरण, वर्णनात्मक, तार्किक तथ्याङ्कशास्त्रीय विधिको माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ ।

## व्याख्या र विश्लेषण

यस अध्यायमा आधारभूत तहको कक्षा छको नेपाली विषयका प्रश्नपत्र २०७८ को विश्लेषण कार्य क्रमशः विशिष्टीकरण तालिका अनुरूप आधारमा केन्द्रित भई गरिएको छ । नेपालको कर्णाली प्रदेश सुर्खेत जिल्ला अन्तर्गत रहेका बराहताल गाउँपालिका र चौकुने गाउँपालिका गरी २ ओटा गाउँपालिका र नगरपालिका  वीरेन्द्रनगर नगरपालिका र पञ्चपुरी नगरपालिकाबाट प्रश्नपत्रको सङ्कलन गरिएको छ । उक्त नगरपालिका  र गाउँपालिकाका सामुदायिक आधारभूत विद्यालय कक्षा छको नेपाली विषयका प्रतिनिधि प्रश्नपत्रको विशिष्टीकरण तालिका अनुरूप आधारमा निम्नानुसार विश्लेषण गर्ने प्रयास गरिएको छ :

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको विश्लेषण**

प्रश्नपत्रको स्वरूपगत अर्थात संरचनागत आधारमा प्रश्नलाई विभिन्न भागमा विभाजन गर्न सकिन्छ । विशिष्टीकरण तालिकाको प्रयोगले प्रश्न निर्माणमा सहयोग गर्नुका साथै विशिष्ट गुण जस्तै पाठ्यक्रम अनुरूपता, विश्वसनियता, वैधता, विभेदकारिता, विविधता, व्यापकता, स्तरयुक्तता र विषयवस्तुको सन्तुलन जस्ता गुणले प्रश्न र परीक्षण सार्थक र उद्देश्यपूर्ण बनाउँछ । विद्यार्थीले हासिल गर्नु पर्ने ज्ञान, सिप र अभिवृत्ति मूल्याङ्कनका लागि विशेष योजना बनाइएको हुन्छ । पाठ्यक्रमको कुन क्षेत्रबाट कस्ता प्रश्नहरू निर्माण गरी विद्यार्थीको कुन सिप परीक्षण वा मूल्याङ्कन गर्ने भन्ने कुरा विशिष्टीकरण तालिकाबाट सहजै थाहा पाउन सकिन्छ । तसर्थ प्रतिनिधि स्थानीय तहका सामुदायिक आधारभूत तहका विद्यालय कक्षा छको अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरू पाठ्यक्रम अनुरूप परीक्षण, विधा र क्षेत्र, प्रश्न सङ्ख्या, समय, अङ्कभारका आधारमा विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्रको विश्लेषण गरिएको छ :

**पाठ्यक्रम उद्देश्य अनुरूप परीक्षण**

भाषिक प्रश्न निर्माणको कुरा भाषा शिक्षण र त्यसको मूल्याङ्कन र परीक्षणसँग सम्बन्धित कुरा हो । प्रश्न निर्माणको कुरा भन्न सुन्न जति सजिलो छ त्यति व्यवहारमा उतार्न सजिलो छैन । भाषा परीक्षणको लागि सकेसम्म भाषाका सबै सिप र पक्षहरूको विश्वसनीयता, वैधता, विभेदकारिता र स्तरयुक्तता तथा व्यावहारिक जस्ता गुणहरूको आधारमा प्रश्न निर्माण गरेर प्रश्नको परीक्षण गर्न सक्दछन् ।

अध्ययनमा समेटिएका प्रतिनिधि चार स्थानीय तह सामुदायिक आधारभूत विद्यालयका प्रश्नपत्रहरू पाठ्यक्रमका उद्देश्य अनुरूप निर्माण गरिएको देखिन्छ । पाठ्यक्रमका विधा अनुसार पढाइ र लेखाइ सिप विकास हुने गरी प्रश्नहरू निर्माण गरेको पाइन्छ । पढाइ सिपको लागि कथा, कविता, जीवनी, निबन्ध आदिबाट कुनै अंश उत्तर दिने खालका प्रश्न र पाठगत बोधबाट प्रश्न निर्माण गरेको पाइन्छ । लेखाइ सिपको लागि शुद्धीकरण, वाक्य रचना, विभिन्न विधाबाट चिठी, जीवनी, संवाद, निबन्ध, लेखन जस्ता प्रश्नहरूको निर्माण गरिएको पाइन्छ । सबै स्थानीय तहका सामुदायिक आधारभूत विद्यालयका प्रश्नपत्रमा सुनाइ र बोलाइ सिपका लागि प्रश्नहरू समेटेको पाइदैन । पाठ्यक्रमका अधिकांश उद्देश्य अनुसार प्रश्न निर्माण गरेतापनि पाठ्यक्रमका सबै क्षेत्रलाई प्रश्नपत्रले समेटेको देखिदैन । चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका मध्ये चौकुने गाउँपालिका, वीरेन्द्रनगर

नगरपालिका मा ५० पूर्णाङ्क र पञ्चपुरी नगरपालिका र बराहताल गाउँपालिकामा ३० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ ।

**विषयवस्तु र क्षेत्र**

पाठ्यक्रमका उद्देश्यका आधारमा निर्धारण गरिएका विषयवस्तुको व्यापकतालाई एथोचित ख्याल गरेर परिक्षणीय प्रश्नहरू निर्माण गरिनु पर्दछ । यसरी पाठ्यक्रमका उद्देश्य, विषयवस्तु र तिनका सीमालाई समग्र रूपमा ढाकेर त्यसै अनुसार विद्यार्थीका उपलब्धिहरूलाई परीक्षण गर्ने प्रश्नहरूनै विषयगत वैधताभित्र पर्दछ । प्रश्नपत्रको विषयवस्तु र क्षेत्रका आधारमा निर्माण गरिएको हुन्छ । प्रतिनिधि स्थानीय तह गाउँपालिका र नगरपालिका का सामुदायिक आधारभूत तहका विद्यालय कक्षा छको अनिवार्य नेपाली विषयका प्रश्नपत्र, विशिष्टिकरण तालिका अनुसार क्षेत्र र विधालाई उल्लेख गरिएको छ :

तालिका १

*विषयवस्तु र क्षेत्र*

| विशिष्टिकरण तालिका अनुसार | प्रतिनिधि स्थानीय तह प्रश्नपत्र अनुसार | | | |
|---|---|---|---|---|
| विषयवस्तु | वीरेन्द्रनगर नगरपालिका | पञ्चपुरी नगरपालिका | चौकुने गाउँपालिका | बराहताल गाउँपालिका |
| शब्दार्थ र शब्द पहिचान | √ | √ | √ | √ |
| वाक्यमा प्रयोग | √ | √ | √ | √ |
| शुद्धीकरण | √ | √ | √ | √ |
| शब्दवर्ग पहिचान | | √ | √ | |
| काल पक्ष भाव | √ | √ | √ | √ |
| वाक्य परिवर्तन | √ | √ | √ | √ |
| भाषिक संरचना पहिचान | √ | √ | √ | |
| विभिन्न विधाका गद्य सामग्री | | √ | √ | |
| कथा/जीवनी, | | √ | √ | |
| चिठी/निवेदन/संवाद/ वादविवाद गद्य विधा | √ | √ | √ | |
| कविता, कथा प्रबन्ध/निबन्ध | | | √ | |
| जीवनी एकाङ्की पाठका विशिष्ट | | | | |
| पङ्क्ति | | | | |
| सन्दर्भमा आधारित सङ्क्षिप्त | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| उत्तरात्मक प्रश्न | | | | |
| तार्किक शिल्प र समस्या समाधान | √ | | √ | √ |
| सन्दर्भमा आधारित लामो उत्तर | √ | | √ | √ |
| आत्मपरक र वस्तुपरक निबन्ध | √ | √ | √ | √ |

माथिको तालिका अनुसार विषयवस्तु र क्षेत्रगत रूपमा सुर्खेत जिल्लाका प्रतिनिधि, स्थानीय तहका सामुदायिक विद्यालयका आधारभूत तहका प्रश्नपत्र अध्ययन गर्दा विषयवस्तुलाई मात्र नसमेटिएको भएतापनि केही मात्रामा पाठ्यक्रम अनुरूपताका आधारमा समेटिएको देखिन्छ । वीरेन्द्रनगर नगरपालिका का प्रश्नले चारओटा भाषिक संरचना पहिचान, विभिन्न विधाका गद्य सामग्री गद्य विधा, कविता, कथा, प्रबन्ध/निबन्ध, जीवनी, एकाङ्की पाठका विशिष्ट पङ्क्ति विषयवस्तु नसमेटिएको देखिन्छ भने पञ्चपुरी नगरपालिका ले ३ ओटा विषयवस्तु, कविता, कथा प्रबन्ध/निबन्ध जीवनी एकाङ्की पाठका विशिष्ट पङ्क्ति, तार्किक शिल्प र समस्या समाधान, सन्दर्भमा आधारित लामो उत्तर समावेश नगरिएको देखिन्छ । बराहताल गाउँपालिकाले पाँचओटा विषयक्षेत्र शब्दवर्ग पहिचान, भाषिक संरचना पहिचान, विभिन्न विधाका गद्य सामग्री, गद्य विधा, कविता, कथा, प्रबन्ध/निबन्ध, जीवनी एकाङ्की पाठका विशिष्ट पङ्क्ति जस्ता विषयवस्तु समावेश नगरेको देखिन्छ भने चौकुने गाउँपालिका ले सबै विषयवस्तु र क्षेत्र समावेश गरेको देखिन्छ । यसरी हेर्दा सबै स्थानीय तहका प्रश्नपत्रले हरेक विधामा समेट्न नसकेपनि चौकुनेले सबै विषयवस्तु र क्षेत्र प्रश्नपत्रमा समावेश गरेको देखिन्छ ।

**अङ्कभार निर्देशन**

अध्ययनको क्रममा समावेश गरिएका सुर्खेत जिल्ला प्रतिनिधि स्थानीय तहका चार विद्यालयका कक्षा छको नेपाली विषयको प्रश्नपत्रको अध्ययनको अङ्कभार निर्देशनलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

तालिका नं. २

*अङ्कभार निर्देशन*

| विशिष्टिकरण तालिका अनुसार | | प्रतिनिधि स्थानीय तह प्रश्नपत्र अनुसार | | | |
|---|---|---|---|---|---|
| विषयवस्तु | अङ्कभार | वीरेन्द्रनगर नगरपालिका | पञ्चपुरी नगरपालिका | चौकुने गाउँपालिका | बराहताल गाउँपालिका |
| १ | ४ | ३ | २ | ४ | ३ |
| २ | २ | ३ | | २ | ३ |
| ३ | ३ | ४ | २ | २ | ४ |
| ४ | २ | – | १ | २ | – |
| ५ | २ | ६ | १ | २ | ६ |
| ६ | ३ | ६ | २ | ३ | ६ |
| ७ | ३ | १० | २ | ३ | १० |
| ८ | ४ | – | ३ | ४ | – |
| ९ | ३ | ३ | ३ | ४ | ३ |
| १० | ४ | – | ४ | ३ | – |
| ११ | ३ | ४ | ४ | ३ | ४ |
| १२ | ४ | ४ | ३ | ४ | ४ |
| १३ | ३ | | – | ३ | |
| १४ | ५ | ४ | – | ५ | ४ |
| १५ | ५ | ४ | – | ६ | ४ |
| | ५० | ५० | ३० | ५० | ३० |

माथिको तालिका अनुसार विशिष्टीकरण तालिका अनुसार निर्धारण गरिएको अङ्कभार र प्रश्नपत्रमा गरिएको अङ्कभारमा समानता रहेको देखिदैन । केही प्रश्नमा समानता देखिएतापनि सबै प्रश्नमा एक रूपता नहुनु एक समस्याको विषय हुन जान्छ । स्थानीय तहका प्रनपत्रमा कुनै पनि प्रश्नमा विशिष्टीकरण तालिका अनुसार अङ्कभार निर्धारण नगरेतापनि चौकुनेले पञ्चम वर्ण र शब्द पहिचानलाई प्रश्नपत्रमा कम राखेतापनि पूर्णाङ्क भने विशिष्टीकरण तालिका अनुरूपनै ५० अङ्कभार राखेको छ । पञ्चपुरी नगरपालिका ले ३० र बहराताल पनि ३० अङ्कभार निर्धारण गरेकाले विशिष्टीकरण तालिका अनुसार ५० अङ्कभार हुनुपर्नेमा उक्त अङ्कभार विशिष्टीकरण तालिकाअनुसार नराखिएको पाइयो ।

चौकुने गाउँपालिकाबाहेक अन्य विद्यालय स्थानीय तहका प्रश्नपत्रमा प्रश्न सङ्ख्या पनि कम र अङ्कभार पनि कम रहेको पाइयो । यसरी समग्रमा हेर्दा सबै स्थानीय तहले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकालाई ख्याल नगरी निर्माण गरेको देखिन्छ ।

**प्रश्नपत्रको आकार**

प्रश्नपत्रको आकार, प्रश्नपत्रको पृष्ठ सङ्ख्या, प्रश्नपत्रको लम्बाइ, परीक्षणीय उद्देश्य, अक्षरको आकार, पूर्णाङ्क र समयले  निर्धारण गर्दछ । प्रश्नपत्रको आकारको लम्बाइ र चौडाइ तथा मोटाइ यति हुनु पर्दछ भन्ने सैद्धान्तिक मान्यता नभएपनि प्रश्नपत्र हेर्दा आकर्षक सुहाउँदो किसिमको हुनुपर्दछ । सुर्खेत जिल्लाका चार स्थानीय तहका  विद्यालयका प्रश्नपत्रको आकार, रङ, एकै किसिमको नभएको देखिन्छ । सबै स्थानीय तह चौकुने गाउँपालिका,पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिकार वीरेन्द्रनगर नगरपालिका को प्रश्नपत्रको आकारलाई निम्नानुसार उल्लेख गरिएको छ :

तालिका नं.३

प्रश्नपत्रको आकार

| स्थानीय तह | लम्बाइ | चौडाइ | मोटाइ |
|---|---|---|---|
| चौकुने गाउँपालिका | २२.७ | १४.२ | ०.३ |
| पञ्चपुरी नगरपालिका | २१.१ | १४.८ | ०.५ |
| बराहताल गाउँपालिका | २१ | १५ | ०.५ |
| वीरेन्द्रनगर नगरपालिका | २१ | १५ | ०.५ |

माथिको तालिकालाई हेर्दा चौकुने गाउँपालिकाको प्रश्नपत्रको लम्बाइ २२.७ से.मी., चौडाइ १४.२ से.मी. रहेको छ भने मोटाइ ०.३ मिमि रहेको छ । पञ्चपुरी नगरपालिका को प्रश्नपत्रको लम्बाइ २१.१ से.मी., चौडाइ १४.८ से.मी र मोटाइ ०.५ मी.मी. रहेको छ । बराहताल गाउँपालिकाको प्रश्नपत्रको लम्बाइ २१ से.मी., चौडाइ १५ र मोटाइ ०.५ मी.मी. रहेको छ भने वीरेन्द्रनगर नगरपालिका को प्रश्नपत्रको लम्बाइ २१ से.मी. चौडाइ १५ से.मी. र मोटाइ ०.५ मी.मी. रहेको छ । चौकुने गाउँपालिकाको अरूको भन्दा लम्बाइ बढी रहेको छ भने चौडाइ कम रहेको देखियो । जसको लम्बाइ २२.७ से.मी. र चौडाइ १४.२ से.मी. र मोडाइ ०.३ मी.मी रहेको देखिन्छ । यसरी हेर्दा प्रश्नपत्रको अक्षर आकार चौकुनेको १२ फन्ट रहेको छ भने पञ्चपुरीको १४ फन्ट र अरूभन्दा ठुलो १५ फन्ट साइजको वीरेन्द्रनगर र बराहतालको अक्षराकार राखिएको देखिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**प्रश्न सङ्ख्या**

जहिले पनि प्रश्नपत्र निर्माण गर्दा प्रश्न कस्ता र कतिओटा गर्ने निर्माण गर्ने भन्ने सम्बन्धमा आधारभूत तहका प्रश्नपत्रमा विशिष्टीकरण तालिका २०७७ अनुसार ५० पूर्णाङ्कको प्रश्नपत्रमा १७ ओटा प्रश्न निर्माण गर्नुपर्ने भनिएतापनि प्रतिनिधि स्थानीय तहका प्रश्नपत्रमा तोकिए अनुसार प्रश्न निर्माण गरिएको देखिदैन । कक्षा छको नेपाली विषयको प्रश्नपत्र २०७८ को प्रश्न सङ्ख्याको विवरण निम्नानुसार उल्लेख गरिएको छ :

तालिका नं. ४

*प्रश्न सङ्ख्या*

| स्थानीय तह | प्रश्न सङ्ख्या | जम्मा पूर्णाङ्क | जम्मा उत्तीर्णाङ्क |
|---|---|---|---|
| चौकुने गाउँपालिका | १५ | ५० | १८ |
| पञ्चपुरी नगरपालिका | १२ | ३० | – |
| बराहताल गाउँपालिका | ९ | ३० | १२ |
| वीरेन्द्रनगर नगरपालिका | ११ | ५० | – |

माथिको तालिका अनुसार २०७८ सालको कक्षा छको नेपाली विषयको सुर्खेत जिल्लाको स्थानीय तह चौकुने गाउँपालिकाको प्रश्नपत्रमा १५ ओटा प्रश्न सङ्ख्या, पञ्चपुरीले १२ ओटा प्रश्न सङ्ख्या, बराहतालले ९ ओटा प्रश्न सङ्ख्या र वीरेन्द्रनगरले ११ ओटा प्रश्न सङ्ख्या उल्लेख गरिएको पाइयो । सबैमा विशिष्टीकरण तालिका अनुसार १७ ओटा प्रश्न राखिनु पर्नेमा कुनै पनि स्थानीय तहले प्रश्नको ख्याल नगरेको पाइयो भने पूर्णाङ्क उत्तीर्णाङ्क र चौकुने र वीरेन्द्रनगरले समावेश गरेको देखिन्छ । बराहताल र पञ्चपुरीले पूर्णाङ्क कम राखेको पाइयो । पञ्चपुरी नगरपालिका र वीरेन्द्रनगर नगरपालिका ले प्रश्नपत्रमा उत्तीर्णाङ्क समेत उल्लेख गरेको छैन ।

**भाषा**

भाषा प्रश्न पत्रमा हुनुपर्ने महत्त्वपूर्ण पक्ष मध्येको एक हो । प्रश्नपत्रमा प्रयोग भएको भाषा शुद्ध स्पष्ट, सरल, विद्यार्थीको स्तर अनुकूल हुनु आवश्यक छ । प्रश्नको भाषा त्रुटिपूर्ण भएमा अर्थमा समेत अलग अर्थ लाग्न सक्ने र प्रश्न अस्पष्ट हुन गई अपेक्षित उत्तर पनि आउन नसक्ने भएकाले भाषा शुद्ध, स्पष्ट र सरल हुन जरूरी छ । प्रश्नपत्रको भाषामा वर्णविन्यास, पदयोग, पदवियोग, चिन्ह प्रयोगमा लोप, वर्ण अक्षर लोप, विभक्तिको प्रयोग र संगती आदि विविधता रहनसक्छ । कक्षा छको नेपाली विषयको सुर्खेत जिल्लाका स्थानीय तह चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिकार

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

वीरेन्द्रनगर नगरपालिका का प्रतिनिधि विद्यालयका प्रश्नपत्रको विश्लेषण गर्दा भाषाको प्रयोग निम्नानुसार गरिएको पाइयो :

तालिका नं. ५

*भाषाको प्रयोग*

| स्थानीय तह | वर्णविन्यासगत त्रुटि | पदयोग र पदवियोग | चिन्ह प्रयोग |
|---|---|---|---|
| चौकुने गाउँपालिका | उत्तीर्णाङ्क - उत्तीर्णाङ्क, महत्त्व-महत्त्व | हजुर आमा-हजुरआमा | । नभएको |
| पञ्चपुरी नगरपालिका | पढि-पढी, महत्तोपूर्ण-महत्त्वपूर्ण, ल्याहा-त्यहाँ, यार्सागुम्वा-यार्सागुम्बा, बर्सेनी- वर्षेनी | निसाफसम्बन्धी-निसाफसम्बन्धी, | । नभएको |
| बराहताल गाउँपालिका | पूर्णाङ्कक - पूर्णाङ्क, विद्‌यालय-विद्यालय | - | ( ) नभएको |
| वीरेन्द्रनगर नगरपालिका | पूर्णाङ्कक - पूर्णाङ्क, विच-बिच | वाक्यमा-वाक्य मा, भेटमा - भेट मा | ' ' नभएको |

माथिको तालिकाका आधारमा सुर्खेत जिल्लाका स्थानीय तहका प्रश्नपत्रको अध्ययन गर्दा चौकुने गाउँपालिका उत्तीर्णाङ्क हुनुपर्नेमा उत्तीर्णाङ्क लेखी त्रुटि गरेको देखिन्छ । त्यसैगरी उक्त प्रश्पत्रमा महत्त्व लेख्नुपर्नेमा महत्त्व लेखि त्रुटिपूर्ण गरेको देखिन्छ । पदयोग र पदवियोगमा हजुरआमा पदयोग हुनुपर्नेमा हजुर आमा पदवियोग गरेको देखिन्छ । पूर्णविराम चिन्हको प्रयोग, अल्पविराम चिन्हको प्रयोग नगरेको पाइयो ।

पञ्चपुरी नगरपालिका को प्रश्नपत्रमा भने वर्णविन्यासमा महत्त्वपूर्ण हुनुपर्ने महत्तोपूर्ण, ल्याहा-त्यहाँ, यार्सागुम्वा-यार्सागुम्बा, बर्सेनी- वर्षेनी प्रयोग गरी त्रुटि गरिएको छ । पदयोग र पदवियोग सम्बन्धी (निसाफ सम्बन्धी) लाई त्रुटि गरी (निसाफसम्बन्धी) गरिएको पाइयो । चिन्हको प्रयोग कहीँ कतै त्यस्तो कमजोरी रहेको पाइएन ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

बराहताल गाउँपालिकाको प्रश्नपत्रमा वर्णविन्यासगत रूपमा पूर्णाङ्क, विद्यालय हुनुपर्नेमा पूर्णाङ्क, 'विद्यालय' लेखी त्रुटि गरेको पाइयो । पदयोग र पदयोगमा भने कही कमजोरी देखिएन । चिन्ह प्रयोग पनि त्रुटि नभएको देखिन्छ ।

वीरेन्द्रनगर नगरपालिका का प्रश्नपत्रको अध्ययन गर्दा प्रश्नपत्रमा 'बिच' हुनुपर्नेमा 'विच' लेखि त्रुटि गरिएको छ भने पूर्णाङ्क हुनुपर्नेमा 'पूर्णाङ्क' लेखी त्रुटि गरिएको छ । पदयोग र पदवियोग सम्बन्धी वाक्यमा हुनुपर्नेमा 'वाक्य मा' लेखी त्रुटि गरिएको छ । चिन्हको प्रयोगमा भने 'वर्तमान काल' हुनुपर्नेमा वर्तमानकाल भनेर कुनै चिन्ह प्रयोग गरिएको छैन ।

सबै स्थानीय तहका प्रश्नपत्रमा चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल र वीरेन्द्रनगर नगरपालिका का सबै स्थानीय तहले वर्णविन्यासगत त्रुटि गरेको पाइयो भने बराहताल बाहेक अरू सबै तहले पदयोग र पदवियोग पनि त्रुटि गरेको पाइन्छ भने चिन्हको प्रयोग सबै तहले गरेके पाइयो । वर्णविन्यास पुरानो प्रयोग गरेको पाइयो । प्रश्नपत्रमा नयाँ व्याकरण र वर्णविन्यासको प्रयोग नहुनुले व्याकरण शुद्धता नभएको देखिन्छ । यस्ता विविधताले प्रश्नपत्रको भाषिक पक्षमा प्रभाव पार्ने भएकाले यस्ता त्रुटि हुन नदिन सम्बन्धित पक्षले सचेतता अपनाउनु पर्ने देखिन्छ ।

**प्रश्नपत्रका सबल र दुर्बल पक्ष**

सुर्खेत जिल्लाका चारओटा स्थानीय तहका प्रतिनिधि सामुदायिक आधारभूत तह कक्षा छको नेपाली विषयका प्रश्नपत्रमा भएका त्रुटि सम्बन्धी अध्ययन गर्दा प्रतिनिधि स्थानीय तह चार स्थानीय तह चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिकार वीरेन्द्रनगर नगरपालिका का प्रश्नपत्रमा भएका कमजोर पक्षहरू निम्न छन् :

तालिका नं. ६

प्रश्नपत्रका दुर्बल पक्ष

| **चौकुने गाउँपालिकाको प्रश्नपत्रका सबल र दुबल पक्ष** | |
|---|---|
| **सबल पक्ष** | **दुर्बल पक्ष** |
| प्रश्न निर्देशन दिइएको | शीर्षक निर्देशन नदिनु |
| विशिष्टीकरण तालिका अनुसार समय, पूर्णाङ्क, उत्तीर्णाङ्क दिइएको | कागजको आकारमा सानो |
| भाषिक शुद्धता भएको | अक्षरको आकारमा सानो |
| प्रश्न सङ्ख्या विशिष्टीकरण तालिका अनुसार | प्रश्नपत्रको रङ उपयुक्त नहुनु |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

| | |
|---|---|
| राखिएको | |
| | विशिष्टीकरण तालिका अनुरूप पूर्णाङ्क नहुनु |
| | प्रश्नको समय निर्देशन नदिनु |

**पञ्चपुरी नगरपालिका का प्रश्नपत्रको सबल र दुर्बल पक्ष**

| **सबल पक्ष** | **दुर्बल पक्ष** |
|---|---|
| भाषिक शुद्धता भएको | शीर्ष निर्देशन नदिनु |
| विशिष्टीकरण तालिका अनुसार अनुच्छेद राखि प्रश्न निर्माण गरिएको | वर्णविन्यासमा त्रुटि |
| कागजको उपयुक्त प्रयोग गरिएको | उपयुक्त पूर्णाङ्क नहुनु |
| आकारमा उपयुक्त रहेको | उत्तीर्णाङ्क नराखिनु |
| प्रश्नपत्रको अन्तमा प्रश्न क्रमशः , समाप्त राखिएको | प्रश्न सङ्ख्या कम हुनु |
| | अङ्क विभाजनमा ध्यान नदिनु |
| | सहायक प्रश्न नराखिनु |

**बराहताल गाउँपालिकाका प्रश्नपत्रका सबल र दुर्बल पक्ष**

| **सबल पक्ष** | **दुर्बल पक्ष** |
|---|---|
| विशिष्टीकरण तालिका अनुसार समय, उत्तीर्णाङ्क दिइएको | शीर्ष निर्देशन नदिनु |
| अन्त्यमा समाप्त लेखिएको | विशिष्टीकरण तालिका अनुरूप नहुनु |
| विद्यालयको नाम ठेगाना स्पष्ट देखाइएको | शुद्धाशुद्धीको कमी |
| | प्रश्न सङ्ख्या कम हुनु |
| | पूर्णाङ्क ५० हुनुपर्नेमा ३० राखिनु |
| | भाषा चारसिप नसमेटिनु |
| | अनुच्छेद गद्यांश जस्ता अनुच्छेद प्रश्न नदिनु |
| | समय प्रश्न अनुसार नदिनु |
| | अङ्क विभाजनमा ध्यान नदिनु |
| | सहायक प्रश्न नराखिनु |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**वीरेन्द्रनगर नगरपालिकाको प्रश्नपत्रका सबल र दुर्बल पक्ष**

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| भाषिक शुद्धता भएको | शीर्ष निर्देशन नदिनु |
| विद्यालयको नाम र ठेगाना स्पष्ट खुलाइएको | विशिष्टीकरण तालिका अनुरूप नहुनु |
| कागजको रङ उपयुक्त राखिएको | शुद्धाशुद्धीमा कमी |
| अक्षराकारा उपयुक्त भएको | पूर्णाङ्क ५० रहेको तर २७ लेखि कमजोर गरेको |
| भाव विस्तार सम्बन्धीका प्रश्न समावेश गरिएको | कुनै पनि अनुच्छेदबाट प्रश्न नसोधिएको |
| | उत्तीर्णाङ्क नराखिएको |
| | प्रश्नको सरलबाट जटिलक्रम नमिलाएको |
| | अङ्क विभाजन नमिलेको |
| | सबै विधाबाट नसमेटिएको |
| | सहायक प्रश्न नराखिनु |

माथिको तालिकालाई अध्ययन गर्दा सुर्खेत जिल्लाका चार स्थानीय तह प्रतिनिधि सामुदायिक विद्यालयका आधारभूत तहका प्रश्नपत्रको अध्ययनमा चौकुने गाउँपालिका प्रश्नपत्रको अध्ययनमा चौकुने गाउँपालिका प्रश्नपत्रको प्रश्नपत्रका सबल पक्ष प्रश्न निर्देशन दिइएको, विशिष्टीकरण तालिका अनुसार समय, पूर्णाङ्क, उत्तीर्णाङ्क दिइएको, भाषिक शुद्धता भएको, प्रश्न सङ्ख्या विशिष्टीकरण तालिका अनुसार राखिएको छ भने दुर्बल पक्ष शीर्ष निर्देशन, कागजको आकार रङ वर्णविन्यास, प्रश्न अनुसार समय निर्देशन सबै आदि त्रुटि गरेको देखिन्छ। केही मात्रामा विशिष्टीकरण तालिका अनुरूप, शुद्धाशुद्धिको प्रयोग, पूर्णाङ्क, प्रश्नसङ्ख्या केही मात्रामा विशिष्ट तालिकामा समेट्न खोजेतापनि केही कतै कमजोरी रहेकाले दुर्बल रहेको छ।

पञ्चपुरी नगरपालिका प्रश्नपत्रका सबल पक्ष हेर्दा भाषिक शुद्धता भएको, विशिष्टीकरण तालिका अनुसार अनुच्छेद राखि प्रश्न निर्माण गरिएको, कागजको उपयुक्त प्रयोग गरिएको, आकारमा उपयुक्त रहेको, प्रश्नपत्रको अन्तमा प्रश्न क्रमशः समाप्त राखिएकाले सबल रहेको छ।

यस प्रश्नपत्रका दुर्बल पक्षमा शीर्ष निर्देशन नदिइएको, विशिष्टीकरण तालिका अनुरूप, शुद्धाशुद्धीको प्रयोग, पूर्णाङ्क र प्रश्नपत्र कम सबै विधा समावेश, प्रश्नहरू सरल वा जटिल तिर नराखिनु, सहायक प्रश्न नराखिनु उत्तीर्णाङ्क नराखिनु जस्ता दुर्बल पक्ष रहेका छन्।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

बराहताल गाउँपालिकाप्रश्नपत्रका सबल पक्षहरूमा विशिष्टीकरण तालिका अनुसार समय, उत्तीर्णाङ्क दिइएको, अन्त्यमा समाप्त लेखिएको र विद्यालयको नाम ठेगाना स्पष्ट देखाइएको छ भने दुर्बल पक्षमा शीर्ष निर्देशन नदिएर त्रुटि गरेको छ भने विशिष्टिकरण तालिका तथा पाठ्यक्रमका आधारमा प्रश्न निर्माण नगरेर त्रुटि गरेको पाइन्छ । त्यस्तै प्रश्न सङ्ख्या कम राखिनु, पूर्णाङ्क ५० हुनुपर्नेमा ३० मात्र राखिनु, प्रश्न सरलबाट जटिलतिर निर्माण नहुनु सबै सबै विधा क्षेत्र समावेश नगर्नु जस्ता त्रुटि गरेको पाइन्छ । शुद्धाशुद्धी ख्याल नगरेर वर्णविन्यासगत त्रुटि गरेको देखिन्छ । सहायक प्रश्न नराखिनु, प्रश्नअनुसार समय निर्देशन नगरिनु, नेपालीको प्रश्नपत्रमा शीर्ष भागमा नै अङ्ग्रेजी शब्द राखिनुले दुर्बल रहेको छ ।

वीरेन्द्रनगर नगरपालिका को प्रश्नपत्रका सबल पक्ष हेर्दा भाषिक शुद्धता भएको, विद्यालयको नाम र ठेगाना स्पष्ट खुलाइएको, कागजको रङ उपयुक्त राखिएको, अक्षराकारा उपयुक्त भएको र भाव विस्तार सम्बन्धीका प्रश्न समावेश गरिएकाले सबल रहेको छ । उक्त प्रश्नपत्रका दुर्बल पक्षमा कागजको अक्षर सही भए तापनि शीर्षक निर्देशन नै नदिनु र पूर्णाङ्क सही नलेखिनुले त्रुटिपूर्ण देखिन्छ भने धेरैजसो प्रश्नमा विधा वा क्षेत्रलाई नसमेटि बनाइएको छ । सरलबाट जटिल गरी प्रश्नको क्रम नमिलाइएको, विशिष्टीकरण र पाठ्यक्रमलाई ख्याल नगरेर निर्माण गरी त्रुटि गरिएको छ । प्रश्नमा प्रश्नपत्रमा प्रश्न सङ्ख्या नै कम राखिएको छ भने प्रश्नअनुसार समय निर्देशन र उत्तीर्णाङ्क समेत राखिएको छैन । विकल्प प्रश्न तथा अनुच्छेद प्रश्न तथा भाषाका चार सिपअन्तर्गत रहेर प्रश्न निर्माण गरिएको छैन । त्यस्तै वर्णविन्यासगत त्रुटि तथा शुद्धाशुद्धीलाई ख्याल नगरिएकाले उक्त स्थानीय तहको प्रश्नपत्र पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप नबनाइनुले दुर्बल रहेको छ ।

सुर्खेत जिल्लाका चार स्थानीय तहका सामुदायिक विद्यालयका आधारभूत तहका प्रतिनिधि प्रश्न कक्षा छ का नेपाली विषयका प्रश्नपत्रको अध्ययन गर्दा विभिन्न क्षेत्रमा त्रुटि रहेका र तिनीहरू सुधार गर्नुपर्ने देखिन्छ । विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र निर्माण गरिनुपर्ने, विद्यार्थीको उमेर क्षमता अनुसार प्रश्न निर्माण गरिनु पर्ने, पढाइ लेखाइ सिपलाई बढी ध्यान दिएर प्रश्नहरू सरल र स्पष्ट बुझिने गरी अङ्क तथा समय स्पष्ट निर्धारण गरिनुपर्ने, प्रश्न सङ्ख्या, पूर्णाङ्क, उत्तीर्णाङ्क, शीर्ष निर्देशन, अनुच्छेद प्रश्न, विकल्प प्रश्न जस्ता सबै विधा र क्षेत्र पाठ्यक्रमलाई समेटी विशिष्टीकरण तालिका अनुरूप प्रश्न निर्माण गरेमा प्रश्नपत्र सबल हुने देखिन्छ ।

## निष्कर्ष

शैक्षिक उपलब्धिहरूको मापन पाठ्यक्रम एवम् राष्ट्रिय तहगत विधागत उद्देश्यका आधारमा गरिन्छ । यसरी मापन गर्दा विभिन्न प्रकारका परीक्षाका साधनहरू उपयोग गरिन्छ । यस अध्ययनमा आधारभूत तह कक्षा छको नेपाली विषयको वार्षिक परीक्षाको प्रतिनिधि प्रश्नपत्र २०७८ को विश्लेषण गर्दा चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका गरी चार स्थानीय तहको प्रतिनिधित्व गराइ अध्ययन विश्लेषण गरिएको छ ।

विशिष्टीकरण तालिका अनुसार निर्माण गरिएको अङ्कभार र प्रश्नपत्रमा गरिएको अङ्कभारमा केही मात्रामा समानता रहेको अधिकांश प्रश्नपत्रमा समानता नरहेको देखिन्छ । विधा र क्षेत्रका आधारमा प्रतिनिधि चार स्थानीय तह वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिकाले कम विषयवस्तु समेटेको पाइन्छ भने चौकुने गाउँपालिका र पञ्चपुरी नगरपालिका ले अधिकांश विषयवस्तुलाई समेटेर प्रश्नपत्र निर्माण गरिएको पाइन्छ । लेखाइ सिप विकासका लागि व्याकरणात्मक, वाक्य रचना, विभिन्न विधाहरू, चिठी, शुभकामना कार्ड, निवेदन, निबन्ध जस्ता विधाहरू लेख्ने जस्ता प्रश्नहरू समावेश गरिएको पाइन्छ । पढाइ सिपको विकास गर्ने गरी पढेका शब्दहरूको उपयुक्त प्रयोग गर्ने पाठमा व्यक्त भाव अनुसार गति, यति, लय मिलाई पढ्ने शब्दभण्डार वृद्धि गर्ने लगायतका प्रश्नहरू समेटिएको पाइयो । पाठ्यक्रमका उद्देश्यमा सबै विधा अनुसार लेखाइ र पढाइ विकास हुने गरी बोध सम्बन्धीका प्रश्नहरू कम निर्माण गरिएको पाइन्छ । प्रतिनिधि प्रश्नमा विधा अनुसार प्रश्न निर्माणमा समानता रहेको पाइदैन । प्रतिनिधि चार स्थानीय तह चार स्थानीय तह चौकुने गाउँपालिका, पञ्चपुरी नगरपालिका , बराहताल गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका का आधारभूत विद्यालयका कक्षा छको प्रश्नपत्रमा प्रश्न सङ्ख्या विशिष्टीकरण तालिकामा तोके अनुसार निर्माण नगरेको देखिन्छ । विशिष्टीकरण तालिका अनुसार प्रश्न विधागत र समय सापेक्षता मेल खाएको देखिदैन । सबै स्थानीय तहका प्रश्नपत्रमा फरक फरक विधाको फरक फरक प्रश्न राखिएको देखिन्छ । एउटा विधाको प्रश्नमा पनि समानता नरहेको देखिन्छ । समग्रमा हेर्दा चार स्थानीय तहको प्रश्नमा पाठ्यक्रमले तोके अनुसार पूर्णाङ्क चौकुने गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका ले समेटेको छ भने पञ्चपुरी नगरपालिका र बराहताल गाउँपालिकाले पूर्णाङ्क नसमेटेको देखिन्छ ।

## सन्दर्भसूची

खनाल, पेशल र अन्य (२०७२), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाण्डौ : सनलाइट पब्लिकेसन ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

गौतम, भक्तिनाथ (२०७९), *स्नातकोत्तर तह तेस्रो सेमेस्टर नेपालीशिक्षा विषयको प्रश्नपत्र (२०७८),* अप्रकाशित स्नातकोत्तर अध्ययन, नेपाली शिक्षा केन्द्रीय विभाग, म.प.वि. सुर्खेत

चन्द, भविसरा (२०७६), *कक्षा नौको अनिवार्य नेपाली विषयको प्रश्नपत्र २०७५ को विश्लेषण,* मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशस्त्र संकाय, नेपाली भाषा शिक्षण समिति, म.प.वि., सुर्खेत ।

भण्डारी, पारसमणि र अन्य (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाण्डौ : पिनाकल पब्लिकेसन ।

भट्टराई, बुद्धिराम (२०६४), *शैक्षणिक मूल्याङ्कन,* काठमाण्डौ : आशिष बुक्स हाउस ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाण्डौ : न्यु हिरा बुक्स इन्टरप्राइजेज् ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६८), *शैक्षणिक मूल्याङ्कन,* काठमाण्डौ : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७३), *शैक्षणिक मूल्याङ्कन,* काठमाण्डौ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।